१. वैदेशिक रोजगारीमा पठाउने इजाजतपत्र प्राप्त संस्था (Manpower Company) लाई नेपाल सरकारले तोकेको शुल्क बुझाउंदा उक्त कम्पनीको बैंक खातामा बुझाई अनिवार्य रुपमा सोको रसिद वा भौचर लिन नभुल्नु होला । प्रचलित कानूनमा यस सम्बन्धी कार्य गर्ने एजेन्टको व्यवस्था नभएकोले कोही कसैले म एजेन्ट हुँ; वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी झूटा आश्वासन दिएमा विश्वास नगर्नु होला; कुनैपनि हालतमा एजेन्टलाई रकम नबुझाउनु होला । वैदेशिक रोजगारी सम्बन्धी केही कुरा बुझ्नु परेमा श्रम कल सेन्टरको निःशुल्क नम्बर ११४१ मा फोन सम्पर्क गर्नु होला ।

२. श्रम गन्तव्य मुलुकहरु विशेष गरी कुवेत, ओमान, यू.ए.ई. र बहराइन लगायतका खाडी मुलुकहरुमा बिचौलियाहरुको प्रलोभनमा महिलाहरुलाई भिजिट वा पर्यटकीय भिसामा लगेर श्रम (Working) भिसामा परिणत गराउने र त्यस्तो कार्यबाट महिलाहरुलाई विभिन्न प्रलोभनमा पारी बढी रकम असुल गरी ठग्ने, असुरक्षित एवं अमर्यादित श्रम कार्यमा संलग्न गराउने, तोकिएको भन्दा अन्य गन्तव्य मुलुकमा पठाउने, असंगठित र घरेलु प्रकृतिका जोखिमयुक्त कार्यमा संलग्न गराउने जस्ता सम्भावना भएकोले काम गर्ने मनसायले विदेश जाँदै हुनुहुन्छ भने भिजिट वा पर्यटकीय भिसामा नगई श्रम भिसा (Working Visa) मा नेपाल सरकारबाट श्रम स्वीकृति लिएर मात्र जानु हुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ ।

३. तपाईंलाई श्रम स्वीकृति लिई विदेशमा काम गर्न पठाउने भनी आश्वासन सहित रकम माग गरेमा सो रकम बुझाउनु पूर्व सो इजाजतपत्रवाला (Manpower Company) को आधिकारिकताको कागजात माग गर्नु होला । शैक्षिक परामर्शदाता (Educational Consultancy), ट्राभल एजेन्सी वा कुनै व्यक्तिले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी आश्वासन दिई रकम माग गरेमा रकम नदिनु होला । आफू ठगीमा पर्दैछु भन्ने लागेमा सोको जानकारी वैदेशिक रोजगार विभाग वा नजिकको प्रहरी कार्यालयमा वा श्रम कल सेन्टर निःशुल्क टेलिफोन नं. ११४१ मा फोन गरेर दिनु हुन अपिल गरिन्छ । स्मरण रहोस् इजाजतपत्र प्राप्त संस्था वाहेक अन्य कुनैपनि व्यक्ति वा संस्थाले वैदेशिक रोजगारीका लागि कामदार पठाउनु गैर कानूनी कार्य हो ।

४. वैदेशिक रोजगारीको सिलसिलामा ठगीमा पर्नु भएमा वा पर्न लागेको शङ्का लागेमा जिल्ला प्रशासन कार्यालय, श्रम तथा रोजगार कार्यालय तथा वैदेशिक रोजगार विभागमा तुरुन्त उजुरी गर्नुहोला । तपाईं विदेशमा रहेको बेलामा कुनै सहयोग आवश्यक परेमा उक्त देशमा रहेको नेपाली दूतावासमा सम्पर्क गर्नुहोला । तपाईंको सहयोगको लागि सरकारी निकायहरु सदा तत्पर छन् ।

५. श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारी दिन तपाईंकै स्थानीय तहमा रोजगार सेवा केन्द्रहरु क्रियाशील छन् । काम गर्न विदेश जाने सोच बनाउंदै हुनुहुन्छ भने राहदानी बनाउंदाका बखत नै यस सम्बन्धमा बुझ्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको Migration Resource Centre (MRC) मा सम्पर्क राख्नु होला । साथै श्रम कल सेन्टरको निःशुल्क नम्बर ११४१ मा फोन गर्न सक्नु हुन्छ । तपाईंको सेवामा कल सेन्टर २४सै घण्टा खुला रहन्छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं